# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ६ मरिण, साउन १८ गते, २०८० साल संख्या ७**

## भाग २

## "व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत कार्यविधि, २०७९ पहिलो संशोधन, २०८०"

**<u>प्रस्तावना</u>**

मरिण गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका तथा संचालन गर्न चाहने व्यापार व्यवसायहरुको दर्ता, नवीकरण तथा सूचीकृत गर्ने, अभिलेखन व्यवस्थापन गर्ने, व्यवसायमैत्री वातावरण तयार गर्ने र ती व्यवसायहरुलाई कानूनी दायरामा ल्याई सरल, सहज एवं गर्न आवश्यक देखिएकोले मरिण गाउँ कार्यापालिकाको मिति २०७९/०९/१५ गतेको बैठकले यो व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत कार्यविधि, २०७९ बनाई लागू गरेको छ ।

**१.नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम मरिण गाउँपालिकाको व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत कार्यविधि, २०७९ पहिलो संशोधन, २०८० रहेको छ ।

ख) यो कार्यविधि तत्काल लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

क) "कर" भन्नाले गाउँपालिकासँग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम मरिण गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पुँजीगत लगानी, आर्थिक कारोबार क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन

सक्ने व्यवसाय करलाई सम्झनु पर्दछ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दर्ता, जरिवाना समेतलाई जनाउँदछ ।

ख) "कर दाता" भन्नाले दफा ( ५) बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति, फर्म, वा संघ/ संस्थालाई जनाउँदछ ।

ग) " वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले व्यवसाय दर्ता सम्बन्धी शाखा तथा उपशाखालाई सम्झनु पर्दछ ।

ङ) " व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय सञ्चालन गर्ने गरी गाउँपालिकामा व्यवसाय दर्ता एवं सूचीकृत गर्ने व्यक्ति/फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

**३.) व्यवसाय दर्ता गरेर मात्र संचालन गर्नु पर्ने**ः गाउँपालिका क्षेत्र भित्र कुनै पनि व्यवसाय संचालन गर्नु अघि यस कार्यविधि बमोजिम दर्ता गर्नु पर्नेछ । यस अघि स्थापना भई संचालनमा रहेका व्यवसायहरु समेत यसै कार्यविधि बमोजिम दर्ता गर्नु पर्नेछ ।

**४.) व्यवसाय दर्ताको लागि दर्खास्त दिने र दर्ता गर्नेः-** (१) गाउँपालिका भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा पेश गर्नु पर्नेछ ।यस्तो दरखास्त फाराममा देहायका कुराहरु खुलेको हुनु पर्नेछः-

क) व्यवसायको नाम

ख) व्यवसायको ठेगाना

ग) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा, पेशा

घ) व्यवसायीले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण

ङ) स्थिर पुँजीगत लगानी

च) व्यवसायीको नाम, ठेगाना र बाबु/बाजेको नाम

छ) व्यवसायीको नागरिकताको प्रतिलिपि

ज) वडा कार्यालयको सिफारिस

झ) सर्जमिन मुचुल्का

ञ) जग्गाधनी पुर्जाको प्रतिलिपि

ट) जग्गाको तिरो तिरेको रसिद

ठ) जग्गा/घर भाडामा भए बहाल सम्झौता पत्र/मञ्जुरीनामा

ड) बहालमा भए जग्गा/घर धनीको नागरिकता तथा जग्गा धनी पुर्जाको प्रतिलिपि

ढ) ऐलानी जग्गाको हकमा सम्बन्धित वडाको सिफारिस

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको बार्षिक कर अनुसूची-२ बमोजिम दस्तुर लिई व्यवसाय दर्ता गर्नेछ ।

(३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-३ बमोजिमको व्यवसाय दर्ता किताबमा लगत राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम व्यवसाय दर्ता शाखाले व्यवसाय/फर्मको लगत राखि सकेपछि निवेदकलाई अनुसूची -४ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ ।

(५) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा-छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

**५) कर बुझाउने दायित्वः-** (१) गाउँ सभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

(२) कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त रुपमा दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई कर बुझाउन बाध्य गर्न सक्नेछ ।

**(६) व्यवसायको नवीकरण गर्नु पर्नेः-** (१) यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय, प्राइभेट फर्मको अवधि पाँच वर्षको हुनेछ र अवधि सकिए पछि नवीकरण गराउनु पर्नेछ । नवीकरणको अवधि एक वर्षको हुनेछ र एक वर्षपछि पुनः नवीकरण गराउनु पर्नेछ ।

(२) व्यवसाय/फर्म नवीकरण गराउन चाहने व्यवसायी तथा फर्म धनीले देहायका कागजात संलग्न गरी गाउँ कार्यपालिकाको कार्यालयमा अनुसूची-५ बमोजिम दरखास्त दिनु पर्नेछः-

क) निवेदन,

ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ग) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,

घ) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा र

ङ) तोकिए बमोजिमको दस्तुर तिरेको रसिद

(३) यस कार्यविधि बमोजिम दर्ता भएका व्यवसाय/प्राइभेट फर्मले नवीकरण गराउँदा अनुसूची-६ बमोजिमको दस्तुर लाग्नेछ ।

(४) यो कार्यविधि लागू हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता भएका तर एक वर्ष भित्र नवीकरण हुन नसकेका व्यवसाय/फर्मले नवीकरण गर्न चाहेमा व्यवसाय दर्ता गर्ने शाखाले अनुसूची- ६ बमोजिमको दस्तुर र जरिवाना लिई नवीकरण गरि दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको दस्तुर तिरि सकेपछि अनुसूची-७ बमोजिमको व्यवसाय नवीकरण लगत राख्ने किताबमा लगत राख्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम व्यवसाय/फर्मको नवीकरण लगत राख्ने किताबमा लगत राखि सकेपछि अनुसूची-८ बमोजिमको नवीकरण विवरण भर्नु पर्नेछ ।

**(७) विवरणमा हेरफेर गर्नु परेमा स्वीकृतिलिनु पर्नेः-** (१) दफा ४ को उपदफा (१) बमोजिम व्यवसाय/फर्म दर्ता गर्न गाउँ कार्यपालिकाको कार्यालय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा सम्बन्धित व्यवसाय/फर्मले व्यवसाय/फर्म दर्ता गर्न गाउँ कार्यपालिकाको कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ र स्वीकृति प्राप्त भएपछि मात्र फर्म/व्यवसायले विवरण हेरफेर गर्न सक्नेछ ।

(२) व्यवसाय/फर्मको प्रोप्राइटरको नाम परिवर्तन गर्न परेमा गाउँ कार्यपालिकाको कार्यालय समक्ष नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र गाउँ कार्यपालिकाको कार्यालयबाट आवश्यक छानबिन गरी प्रोप्राइटरको नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ ।

(३) व्यवसाय/फर्मको नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र गाउँ कार्यपालिकाको कार्यलयबाट आवश्यक छानबिन गरी नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ ।

(४) गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका व्यवसाय/फर्मले कारोबारको ठाउँसारी गर्न चाहेमा गाउँ कार्यपालिकाको कार्यालय समक्ष वडा कार्यालयको सिफारिस सहित ठाउँसारी गर्नु पर्नाको कारण खुलाई दरखास्त दिनु पर्नेछ र गाउँ

कार्यपालिकाको कार्यालयबाट आवश्यक छानबिन गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरेर कार्यालयमा भएको लगत अद्यावधिक गरी ठाउँसारी हुने र साविकको दुवै वडा कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम ठाउँसारी गर्न चाहने व्यवसाय/फर्मले ठाउँसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी रु.२०००।— दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

**(८) साझेदार थपघट गर्नु परेमा स्वीकृति लिनुपर्नेः-**

(१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालू आर्थिक वर्ष सम्मको कर असुली गरी वार्षिक करको दरमा ५०% वा रु १०००/- मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ ।

**(९) कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्नेः-**

(१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाको कार्यालयले थप विवरण माग गर्न सक्नेछ ।यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई जाँचबुझ गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम दर्ता एवं सूचिकृत भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

**१०) व्यवसाय/फर्म सूचीकृत गर्नु पर्नेः-** (१) अन्य निकायमा दर्ता भई यस गाउँपालिकाको क्षेत्र भित्र संचालनमा रहेका व्यापार व्यवसाय/फर्मले अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा सूचीकृत गर्नु पर्नेछ । सूचीकृत गर्दा देहाय बमोजिमका कागजात संलग्न राखि दरखास्त पेश गर्नु पर्नेछः

(क) निवेदन

(ख) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि प्रति थान-१

(ग) स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि

(घ) गत आर्थिक वर्षको नवीकरण शुल्क बुझाएको निस्सा/राजश्व तिरेको रसिद

(ङ) वडा कार्यालयको सिफारिस

(२) उपदफा (१) बमोजिमका कागजात सहित व्यवसाय/फर्मले सूचिकृत हुन गाउँ कार्यपालिकाको कार्यालय समक्ष निवेदन पेश गरेमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक जाँचबुझ गरी रु.५००/- दस्तुर लिई उद्योग, व्यवसाय तथा प्राइभेट फर्म सूचीकृत गरी प्रमाणपत्र दिनु पर्नेछ ।

**(११) सूचीकृत भएका व्यवसाय/फर्म नवीकरण गर्नु पर्नेः** (१) सूचीकृत भएका व्यवसाय/फर्मले सूचीकृत भएको मितिले एक वर्ष अवधि पूरा भएपछि ३५ (पैंतीस) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयको शाखामा अनुसूची-९ बमोजिमको नवीकरण दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(२)तोकिएको समय अवधि भित्र नवीकरण नगरेमा अनुसूची-९ मा उल्लेख भए बमोजिम जरिवाना तिर्नु पर्नेछ।

**(१२) व्यवसाय संचालनको अनुमति लिनु पर्नेः** गाउँ कार्यपालिकाको कार्यालयमा व्यवसाय/फर्म दर्ता गरि सकेपछि अन्य निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्नु पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायीको हुनेछ ।

**(१३) व्यवसाय दर्ता खारेज गर्न सकिनेः** (१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय/फर्म दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यसाय चालू रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघि सम्म व्यवसाय/फर्म संचालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) प्रचलित कानून एवं यस कार्यविधि बमोजिम दर्ता भएका व्यवसाय/फर्म बन्द गर्न चाहेमा मनासिव कारण खोली व्यवसायीले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक बर्ष सम्मको कर रकम र व्यवसाय/फर्म खारेजीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस सहित पठाउनु पर्नेछ । गाउँ कार्यपालिकाको कार्यालयले अनुसूची-१० मा तोकिएको लगत कट्टा बापत लिइने सेवा शुल्क समेत असुल गरि लगत कट्टा गरिदिनु पर्नेछ ।** [१]

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा व्यवसाय संचालन सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यवसायीबाट असुल उपर गरिनेछ ।

---

[१] पहिलो संशोधनबाट संशोधन गरिएको।

(६)  यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्नका लागि ३५(पैंतीस) दिनको समय अवधिको मौका दिन सकिनेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा (५) बमोजिम गाउँ कार्यपालिकाको कार्यालयले व्यवसाय दर्ता खारेजी गरेमा व्यवसाय सम्बद्ध व्यसायीको नाममा २ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न पाउने छैन । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

**(१४) प्रतिलिपि दिन सक्नेः** व्यवसायको दर्ता प्रमाणपत्रको नवीकरण गर्ने महल पूरा भई खाली नभएको अवस्थामा रु. १००।— र हराएमा, च्यातिएमा वा अन्य कारणले प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्ने भएमा वडा कार्यालयको सिफारिश गरी पठाएमा रु ५००।— दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सकिनेछ ।

**(१५) व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत नगरी संचालन गरेमा कारवाही हुनेः**

(१) प्रचलित कानून र यस कार्यविधि बमोजिमा दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्र भित्र संचालन गरेको पाईएमा वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय/फर्म दर्ता, नवीकरण तथा सूचीकृत गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृतका लागि जनाउ दिएको मितिले ३५ दिनभित्र गाउँ कार्यपालिकाको कार्यालयमा व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र पनि व्यवसाय दर्ता, नवीकरण नगरी व्यवसाय संचालन गरेमा गाउँ कार्यपालिकाको कार्यालयले सम्बन्धित व्यवसाय/फर्म बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

(१६) बाधा अड्काउ फुकाउने अधिकारः (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यापालिकालाई हुनेछ ।

(२) प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी माथि उपदफा (१) बमोजिमको बाधा अड्काउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

व्यवसाय/प्राइभेट फर्म दर्ता दरखास्त ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
मरिण गाउँपालिका, सिन्धुली ।
महोदय,

तल लेखिए बमोजिम उद्योग व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राइभेट/साझेदारी फर्म मेरो/हाम्रो नाममा दर्ता गराउन इच्छुक भएकोले यो निवेदन पत्र पेश गरेका छु/छौं । लेखिएको व्यहोरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नामः
२. फर्मको पूरा ठेगानाः
३. उद्देश्यः
४. पुँजीः
५. कारोबार गर्ने चीज तथा कामको विवरणः
६. प्राइभेट फर्मको धनी वा साझेदारहरुकको तीन पुस्ते नाम, थर, वतन र हिस्साको अंक यो फर्मको हानी नोक्सानी भएमा घर घरानाबाट व्यहोर्न राजी हुने (हुनेहरु):

दरखास्तवाला (दरखास्तवालाहरु) को लेखात्मक र रेखात्मक दुवै औंठाको

सहिछापः

लेखात्मक सहिः दायाँ वायाँ

साक्षीः दरखास्तवालाको माथि लिखिए बमोजिमको नाम, थर, वतन ठीक दुरुस्त छ भनी सनाखत गर्ने ।

इति सम्बत २...............साल...........महिना............गते.........रोज शुभम् ।

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित )

<u>व्यवसाय/प्राइभेट फर्म दर्ता दस्तुर</u>

| सि. नं. | पूँजी | दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | एक लाख रुपैयाँ सम्म | १,०००/- | |
| २. | एक लाख रुपैयाँ भन्दा बढी तीन लाख रुपैयाँ सम्म | ३,०००/- | |
| ३. | तीन लाख रुपैयाँ भन्दा बढी पाँच लाख रुपैयाँ सम्म | ६,०००/- | |

मरिण गाउँपालिका

अनुसूची-३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

मरिण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

व्यवसाय/प्राइभेट फर्म दर्ता किताब २०...../.....

| सि. नं. | दर्ता नं. | व्यवसायको नाम/ठेगाना | दर्ता मिति | प्रोपाइटरको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| | | | | | |

मरिण गाउँपालिका

अनुसूची-४

(दफा ४ को उपदाफा (४) सँग सम्बन्धित)

# मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

प्रा. फा. नं. :../../

## उद्योग/व्यापार व्यवसाय

## प्रमाण-पत्र

निम्न लेखिएको विवरण भएको प्राइभेट/साझेदारी फर्म मिति २०../../.. गतेको मितिमा मरिण गाउँपालिकाको व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत सम्बन्धी कार्यविधि, २०७९ बमोजिम दर्ता गरि यो प्रमाण पत्र दिइएको छ ।

**विवरण**

**प्राइभेट/साझेदारी फर्मको**

नामः

ठेगानाः

स्थापना/संचालन हुने स्थानः

कित्ता नं.:

**धनी (प्रोपाइटर) साझेदारको**

नाम, थर :

वतनः

कारोबारको उद्देश्यः

पूँजी रुः

बार्षिक उत्पादन क्षमताः

विद्युत शक्ति (किलोवाट):

नामसारी/ठाउँसारीको विवरणः

यो प्रमाणपत्र हराए, च्यातिए वा नष्ट भएमा रु.५००/- तिरी प्रतिलिपि लिन सकिनेछ ।

अनुसूची-५

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

व्यवसाय/प्राइभेट फर्म नवीकरण दरखास्त ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
मरिण गाउँपालिका, सिन्धुली ।

**विषयः- नवीकरण सम्बन्धमा**

महोदय,

उपरोक्त विषयमा यस कार्यालयमा मिति....................दर्ता रहेको......................................................र हाल नवीकरण गर्नु पर्ने भएकोले स्थानीय तहको नीति नियममा रहि नवीकरण गराई दिनु हुन अनुरोध गर्दछु ।

निवेदक

मरिण गाउँपालिका

अनुसूची-६

( दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

व्यवसाय/प्राइभेट फर्म नवीकरण दस्तुर र जरिवाना

| सि. नं. | पुंजी | नवीकरण दस्तुर | | | |
|---|---|---|---|---|---|
| | | पैंतीस दिन भित्र | एक वर्ष सम्म | एक वर्ष नाघेपछि | |
| | | | | दस्तुर | थप जरीवाना (रु.) |
| १. | एक लाख रुपैयाँ सम्म | ६००/- | १,८००/- | १,८०० | ६००/-<br>प्रतिवर्ष |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँ सम्म | ८००/- | २,४००/- | २,४००/- | ८००/-प्रतिवर्ष |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँ सम्म | १,०००/- | ३,०००/- | ३,०००/- | १,०००/- प्रतिवर्ष |

मरिण गाउँपालिका

अनुसूची-७

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

मरिण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

व्यवसाय/प्राइभेट फर्म नवीकरण लगत किताब २०...../.....

| मिति | नवीकरण | | नवीकरण शुल्क | रसिद नं.र मिति | नवीकरण गर्ने अधिकारी |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| | | | | | |
| | | | | | |

मरिण गाउँपालिका

अनुसूची-८

(दफा ६ को उपदफा (६) सँग सम्बन्धित)

मरिण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

नवीकरणको विवरण

फर्मको नामः

ठेगानाः

| मिति | म्याद अवधि | बुझाएको दस्तुर रु. | भौचर नं. र मिति | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

यो प्रमाणपत्र प्राप्त गर्नेले आफूले उत्पादन गरेको फोहरमैला व्यवस्थापन नगरी जथाभावी फालेमा फोहरमैला व्यवस्थापनमा लाग्ने रकम र दुई लाखसम्म जरीवाना तिर्नु पर्नेछ ।

अनुसूची-९

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

मरिण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

**उद्योग/व्यवसाय/प्राइभेट फर्म सूचीकृत नवीकरण दस्तुर र जरीवाना**

| नवीकरण दस्तुर | | | |
|---|---|---|---|
| पैंतीस दिन भित्र | एक वर्ष सम्म | एक वर्ष नाघेपछि | |
| | | दस्तुर | थप जरीवाना रु. |
| २००/- | ६००/- | ६००/- | २००/- प्रतिवर्ष |

मरिण गाउँपालिका

अनुसूची-१०[२]

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

मरिण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली

बागमती प्रदेश, नेपाल

लगत कट्टा बापत लिइने सेवा शुल्क

| सि. नं. | पुंजी | लगत कट्टा सेवा शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| १ | एक लाख रुपैयाँ सम्म | ५००/- | |
| २ | एक लाख रुपैयाँ भन्दा बढी तीन लाख रुपैयाँ सम्म | ७००/- | |
| ३ | तीन लाख रुपैयाँ भन्दा बढी पाँच लाख रुपैयाँ सम्म | ९००/- | |

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

[२] पहिलो संशोधनबाट थप गरिएको।



मरिण गाउँपालिका